गोर्खाली, होशियार! होशियार! ४ होमियोप्याथिक चमत्कार ५ च्याम्पियन्स लिग : कसले जित्ला उपाधि? ६

VISIT OUR WEBSITE
hamroprajashakti.com
&
www.himalayanmirror.net
For Ads, Contact :
9832366113 (Gangtok)
9832684683 (Siliguri)

सिक्किम र आसामबाट एकैसाथ प्रकाशित

# हाम्रो प्रजाशक्ति

BRILLIANT COACHING
Admisson for New Batch is going on !!!
1. JEE-(MAIN/ADVANCED) & NEET
Duration: 1 Year (2018 Exams)
2. JEE-(MAIN/ADVANCED) & NEET
Duration: 2 Years (2019 Exams)
3. Boards (X & XII ) - ICSE/ISC/CBSE
Gangtok: 03592-201090/97332 97367
Siliguri: 0353-2576611/74070 80453

वर्ष - १८, अंक - १९१ | वि.सं. २०७४, भदौ २८ गते | गान्तोक, बुधवार १३ सेप्टेम्बर, २०१७ | www.hamroprajashakti.com | SEPTEMBER 13, 2017, WEDNESDAY, GANGTOK | मूल्य ₹ ५/-

## बन्द जारी, पुलिस सुरक्षामा ब्याङ्क खोलियो

**दार्जीलिङ, १२ सेप्टेम्बर।** अनिश्चितकालीन बन्दको कारण मंगलवार शहर-बजार, दोकानपाट, स्कूल-कलेज, चिया-सिन्कोनाकमान, ब्यांक आदि सबै बन्द रहे तर स्टेट ब्याङ्कको दार्जीलिङ शहरको शाखा खोलियो, ब्यांकमा कर्मचारीहरूको उपस्थिति थियो अनि मुख्यद्वारमा पुलिस सुरक्षा राखिएको थियो।

अर्कोतिर, मंगलवार दार्जीलिङ शहरको विभिन्न क्षेत्रमा प्रचुर मात्रमा पुलिस तैनाथ थियो। रेलवे स्टेशनमा पनि पुलिस बल थियो। यहींबाट गोर्खाल्याण्ड समर्थकहरूले र्‍याली निकाल्दै आइरहेका थिए अनि शहर परिक्रमा गरेर चोक बजारको सुमेरू मञ्चबाट जनसभा गर्ने गर्थे तर केही दिनदेखि गोर्खाल्याण्ड समर्थकहरूले दार्जीलिङ शहरमा र्‍याली निकालेका छैनन्। प्रशासनले यस दिन शहरको चोक बजार अनि सुमेरू मञ्चमा पनि पुलिस तैनाथ थियो।

## आमरा बंगालीद्वारा बैठकको विरोध

**सिलगड़ी, १२ सेप्टेम्बर।** आमरा बंगालीले पहाड़मा आन्दोलित राजनैतिक दलहरूसँग मंगलवार यहाँ उत्तरकन्यामा आयोजित बैठकको विरोध जनायो। राज्य सरकारले पहाड़का शान्ति र स्वाभाविक परिस्थिति फर्काउनको निम्ति यहाँ उत्तरकन्यामा मंगलवार पहाड़का विभिन्न राजनैतिक दलहरूसँग बैठकको आयोजना गरेको थियो। आमरा बंगालीले गोर्खाल्याण्ड राज्य गठनको मागमा पहाड़मा आन्दोलित गोर्खा जनमुक्ति मोर्चा लगायत राजनैतिक दलका प्रतिनिधिहरूसँग द्विपक्षीय वार्ताको विरोध जनाएको हो। संगठनले मंगलवार वार्ताको विरोध गर्दै उत्तरकन्या अभियान कार्यक्रमको आयोजना गरेको थियो तर पुलिसले संगठनका सदस्यहरूलाई जुलूस गर्न दिएन। आमरा बंगालीले आरोप लगाएअनुसार मोर्चाले अनिश्चितकालीन बन्द डाकेर लगातार ९० दिनसम्म पहाड़ अचल राख्यो, पहाड़का विभिन्न ठाउँमा बम विस्फोट गर्ने अनि आगो लगाउने जस्ता घटनाहरू पनि गर्‍यो, आन्दोलनको अवधि मोर्चाले सरकारका करोड़ौं रुपियाँ मूल्य बराबरको सम्पत्ति नष्ट गर्‍यो। राज्य पुलिसले मोर्चाका केही नेताहरू विरुद्ध यूएपीए धारामा मामिलाहरू पनि लगाएको छ, तरै पनि मोर्चाका नेताहरू अहिले पनि पुलिसकै अगाड़ि खुल्ला घुमिरहेका छन्, तिनीहरूलाई पक्राउ गर्नको साटो राज्य सरकारले वार्ताको आयोजना गर्‍यो जुन गणतन्त्रको विरुद्ध हो, आमरा बंगालीको आरोप छ। आमरा बंगालीले मंगलवार बिहान उत्तरकन्या अभियान यहाँको भक्तिनगरस्थित संगठनको कार्यालय अगाड़िबाट शुरू गर्‍यो। तर संगठनका सदस्यहरू केही पाइला अघि जानसाथै न्यु जलपाइगड़ी थाना पुलिसले आमरा बंगालीका सदस्यहरूलाई रोक्यो अनि अगाड़ि बढ्न दिएन। आमरा बंगालीका नेता खुशीरञ्जन मण्डलले भने, मोर्चा नेता रोशन गिरीविरुद्ध राष्ट्रद्रोहको मामिला दर्ता गरिएको छ तर तिनी दिल्लीमा खुल्ला घुमिरहेका छन् अनि बैठकहरूमा भाग लिइरहेका छन्। मोर्चाका अन्य केही नेताहरूले राज्य सरकारसँग बैठकमा भाग लिइरहेका छन्, यसरी नै मोर्चाका अन्य धेरै नेताहरू छन्, जोविरुद्ध विभिन्न धारामा मामिलाहरू दर्ता गरिएको छ, तिनीहरूलाई पनि पुलिसले पक्राउ गरेको छैन, उल्टा सरकार तिनीहरूसँगै वार्तामा बसिरहेको छ। तिनले अझ भने, मोर्चा नेताहरूको घरबाट अस्त्रहरू उद्धार गरियो, मोर्चाले पहाड़मा हिंसा फैलाएर सरकारी सम्पत्तिहरू नष्ट गर्‍यो, वार्तामा बस्नु होइन सरकारले तिनीहरूलाई अविलम्ब पक्राउ गर्नुपर्नेछ।

# त्रिपक्षीय वार्ताको प्रस्ताव टार्‍यो राज्यले



## हामी शान्ति चाहन्छौं, बन्द फिर्ता लिइयोस् : ममता ब्यानर्जी

### • विनयले सुम्पे १७ वटा मागको सूची • अघिल्लो वार्ता १६ अक्टोबर नवान्नमा

**सिलगढ़ी, १२ सेप्टेम्बर।** 'राज्य सरकार दार्जीलिङ पहाड़मा शान्ति पुनर्बहाल गर्न चाहन्छ, अविलम्ब पहाड़ बन्द फिर्ता लिनुहोस्', राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले पहाड़ मुद्दामा यहाँको उत्तरकन्यामा आयोजित बैठकपछि यो कुरा जनाइन्। दार्जीलिङ पहाड़मा शान्ति र स्वाभाविक परिस्थिति फर्काउनेबारे मंगलवार अपराह्न यहाँको उत्तरकन्यामा राज्य सरकारद्वारा सर्वदलीय बैठकको आयोजना गरिएको थियो। त्यसै बैठकपछि मुख्यमन्त्रीले उल्लेखित कुरा जनाएकी हुन्। बैठकमा गोर्खा जनमुक्ति मोर्चा लगायत पहाड़का राजनैतिक दलहरूले गोर्खाल्याण्ड राज्य गठनको मुद्दा फेरि एकपल्ट उठाए। गोर्खाल्याण्ड राज्य गठनको मुद्दामा पहाड़का राजनैतिक दलहरूले केन्द्र सरकारलाई सामेल गरेर त्रिपक्षीय वार्ताको आयोजना गर्ने माग पनि राखे। तर बैठकपछि पहाड़ बन्द कहिलेदेखि खोलिने हो, त्यसबारे सरकार अथवा वार्तामा सहभागी राजनैतिक दलहरू कसैले पनि किटान गरेर केही भनेनन्।

बैठकपछि पत्रकारहरूलाई सम्बोधन गर्दै मुख्यमन्त्री ममता ब्यानर्जीले भनिन्, उत्तरकन्याको सर्वदलीय बैठक राम्रो भयो, राज्य सरकार पहाड़मा शान्ति चाहन्छ। गोर्खाल्याण्ड राज्य गठनको मागबारे केही नबोले पनि मुख्यमन्त्रीले भनेअनुसार पहाड़ मुद्दामा त्रिपक्षीय बैठक अहिले सम्भव छैन। यसघरि गोर्खाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेशन (जीटीए)-को निर्वाचित बडी नरहेको तथा जीटीएमा प्रशासक नियुक्त रहेकोले त्रिपक्षीय बैठक सम्भव हुन्छ-हुँदैन त्यसबारे कानुनी राय लिनुपर्ने भएकोले यस विषमा आउँदो बैठकमा कुराकानी गरिने कुरा ममता ब्यानर्जीले बताइन्। पहाड़ मुद्दामा अर्को बैठक १६ अक्टोबर अथवा चौंतीस दिनपछि कलकत्ताको नवान्नमा हुनेछ। १६ अक्टोबरको बैठकमा नै सम्भव भए त्रिपक्षीय बैठकबारे कुराकानी हुने आश्वासन दिइएको छ।

मंगलवार अपराह्न पौने तीन बजीदेखि उत्तरकन्यामा सर्वदलीय बैठक शुरू भयो। बैठकमा दार्जीलिङ र कालेबुङका विधायक क्रमैले अमरसिंह राई र सरिता राई लगायत विनय तामङको नेतृत्वमा गोर्खा जनमुक्ति मोर्चाका चरम र नरमपन्थी गुटका सात सदस्यले भाग लिएका थिए। बैठकमा हर्कबहादुर छेत्रीको नेतृत्वमा जापका प्रतिनिधि, मन घिसिङको नेतृत्वमा गोरामुमोका प्रतिनिधि, भारती तामङको नेतृत्वमा अखिल भारतीय गोर्खा लीगका प्रतिनिधिहरू पनि उपस्थित थिए। हिल तृणमूल कंग्रेसका प्रतिनिधिहरू पनि बैठकमा उपस्थित थिए। यसबाहेक राज्यका तीन मन्त्री, पुलिस र प्रशासनका वरिष्ठ अधिकारीहरूको पनि बैठकमा उपस्थिति थियो। सर्वदलीय बैठकमा पहाड़का राजनैतिक दलहरूले गोर्खाल्याण्डको माग उठाए पनि त्यसबारे कुनै चर्चा नभएको जानकारी छ। मुख्यमन्त्रीले पत्रकारहरूलाई भनिन्, यसघरी सबैभन्दा महत्त्वपूर्ण विषय पहाड़मा शान्ति र स्वाभाविक स्थिति फर्काउनु हो। राज्य सरकार पहाड़मा चाँड़ै शान्ति र स्वाभाविक स्थिति फर्कियोस् भन्ने चाहन्छ। तिनले अविलम्ब पहाड़ बन्द फिर्ता लिने अनुरोध दोहोर्‍याइन्।

स्मरण रहोस्, २९ अगस्त नवान्नको सर्वदलीय बैठकपछि तिनले पहाड़ बन्द खोल्ने अनुरोध गरेकी थिइन्। मुख्यमन्त्रीले हालै पहाड़का विभिन्न ठाउँ भएका बम विस्फोटका घटनाहरूको उच्चस्तरीय जाँच गराउने आश्वासन दिइन्। यस बाहेक तिनले पहाड़मा आन्दोलनको अवधि कथित पुलिस गोलीकाण्डमा मारिएका आन्दोलनकारीका आश्रित परिवार अनि घाइतेहरूलाई बन्द खोलिएपछि क्षतिपूर्ति राशि दिइने आश्वासन पनि दिइन्। विनय तामङको नेतृत्वमा मोर्चाले बैठकको अवधि एउटा स्मारक-पत्र मुख्यमन्त्रीलाई दिएको थियो जसमा उल्लेख रहेका १७ वटा

▶ रहल पाता ३-मा

## पहाड़का चियाकमानहरू खोलाउने पक्षमा दलहरू



**सिलगढ़ी, १२ सेप्टेम्बर।** विभिन्न राजनैतिक दलका नेताहरू पहाड़का सबै चियाकमानहरू तत्काले खलियोस् भन्ने चाहन्छन्। गोर्खा राष्ट्रिय मुक्ति मोर्चालगायत पहाड़का विभिन्न राजनैतिक दलका नेताहरूले चियाकमानहरू खोलाउन श्रमिक संगठनका नेताहरूसँग बैठक पनि शुरू गरेका छन्। चियाकमान खोल्ने पहल मात्र नगरेर राजनैतिक दलका नेताहरूले चियाकमान श्रमिकहरूको निम्ति दशैंको बोनस पनि दिनुपर्ने माग गरिरहेका छन्। यसैबीच, तराई र डुवर्सका चियाकमान श्रमिकहरूको निम्ति १९.७५ प्रतिशतको दरमा पूजा बोनस घोषणा भइसक्यो। तर पहाड़का चियाकमानहरू बन्द रहेकोले दशैं बोनसको त कुरा नै छाड़ौं श्रमिकहरूले गत प्रायः तीन महीनादेखि हाजिरा र राशिन समेत पाएका छैनन्। चियाकमान श्रमिकहरूको विभिन्न संगठनका नेताहरू पहाड़ मुद्दामा राज्य सरकारसँग वार्ता चलिरहे पनि श्रमिकहरूको अवस्थालाई ध्यानमा राख्दै पहाड़का प्रायः ८७ वटा चियाकमान खोल्नुपर्ने मत व्यक्त गर्छन्।

गोर्खाल्याण्डको मागमा अनिश्चितलकालीन पहाड़ बन्द मंगलवार ९० दिन अर्थात तीन महीना पुग्यो। बन्दले चियाकमान र चिया उद्योगलाई व्यापक क्षति भएको छ। पहाड़ बन्दले विश्व बजारमा दार्जीलिङ चियाको निर्यात पनि प्रभावित हुने प्रबल सम्भावना छ। मंगलवार पहाड़ मुद्दामा उत्तरकन्या बैठकको परिणाम जे नै भए पनि पहाड़का चियाकमानहरू तत्काले खोल्नुपर्ने मत बहुसंख्यक चियाकमानवासीको पनि छ। यसैबीज गोरामुमोले तत्काले चियाकमानहरू खोल्नको निम्ति बैठकहरू शुरू गरेको पार्टी सूत्रको भनाई छ। पार्टीको श्रमिक संगठनका एकजना अग्रिम पंक्तिका नेताले भने, चियाकमान श्रमिकहरूको अवस्था

▶ रहल पाता ३-मा

## 'बन्द विनयले डाकेको खोल्ने जिम्मा उनैको'

## केन्द्रले चाँड़ै त्रिपक्षीय वार्ता बोलाओस्: गुरुङ



**दार्जीलिङ, ११ सेप्टेम्बरः** आज सिलगढ़ीमा दार्जीलिङ पहाड़को समस्यालाई लिएर मुख्यमन्त्री ममता ब्यानर्जीले दोस्रो चरणको बैठक डाकिन। बैठकमा ठोस् कुनै निष्कर्ष निस्किएन साथै केन्द्रसितको वार्ताबारे पनि स्पष्ट रूपमा कुनै कुरा बाहिरिएन। यद्यपि, बन्द खोल्ने नखोल्नेबारे भने अन्योलको स्थिति यथावत छ। एकातिर मुख्यमन्त्रीले सिलगढ़ीमा बैठक गरिरहेको समयमा गोर्खा जनमुक्ति मोर्चा प्रमुख विमल गुरुङले एउटा भोइस मेसेज सार्वजनिक गरे। सो भोइस मेसेजमा उनले सोझै विनय तामाङमाथि हमला गर्दै बन्द गर्ने विनय तामाङ नै हुन् अब बन्द खोल्ने जिम्मा पनि विनयले नै लिनुपर्छ भनेका छन्। विमलले विनय तामाङले नै बन्द बोलाएको अनि अब बन्द खोल्ने-नखोल्ने जिम्मा पनि उनले नै लिनुपर्छ भनेर खुल्ला चुनौती दिए। उनले भनेका छन्, विनय तामाङले बन्द खोलाउने प्रयास गर्दै धम्की दिने काम गरिरहेका छन् यसको जिम्मेवारी पनि उनैले लिनुपर्ने विमल गुरुङले भोइस मेसेजमार्फत् जनाएका छन्। उनले अघि भनेका छन्, गोर्खाल्याण्डको अहिलेको आन्दोलनलाई लिएर विनय तामाङ अनि अनित थापाले जुन किसिमको राजनीति गरिरहेका छन् त्यो आफूलाई सबै थाहा छ। मलाई केवल जनताको पर्वाह छ अरूको छैन। अहिले जनता केवल गोर्खाल्याण्डको लागि सड़कमा छन्। गोर्खाल्याण्डबाहेक कुनै पनि कुरामा समझौता हुनेछैन। राज्य सरकारले एकातिर शान्ति श्रृंखलाको कुरा गर्दै वार्ता बोलाउँछ अनि अर्कोतिर नेतृत्व

▶ रहल पाता ३-मा

## सिक्किमेलाई लागेको अप्रवासी भन्दा पनि विदेशीको आरोप खतरनाक: भरत बस्नेत

**गान्तोक, १२ सेप्टेम्बर।** राज्यका पूर्व मुख्य सचिव सोनाम वाङ्दी भोटियाले सिक्किमे नेपालीहरू अप्रवासी रहेको बताउँदै उनीहरूलाई जनजातिको मान्यता दिन हुँदैन भनी गरेको पत्रचार भन्दा धेरै खतरा खाँटी सिक्किमेहरूलाई विदेशीको लाञ्छना लगाउनु रहेको सिक्किम प्रदेश कांग्रेस समितिले बताएको छ। प्रदेश कांग्रेस अध्यक्ष भरत बस्नेतले मंगलबार पत्रकार सम्मेलन आयोजन गरेर सोनाम वाङ्ग्दीहरूले सिक्किमे नेपालीहरू अप्रवासी भनेर चिट्ठी लेखेको भन्दा खतरनाक विदेशीको लाण्क्षणा हो भने। सोनाम वाङ्ग्दीहरूकै सहयोगमा एसोसिएशन अफ् ओल्ड सेट्लर्स अफ् सिक्किम (एओएसएस) ले जब विदेशीहरूले आयकरमा छुट पाउन सक्छन् भने हामीले किन नपाउने भनी मुद्दा उठाएको उनले आरोप लगाए। प्रदेश

▶ रहल पाता ३-मा

## कर्मापा अब चाँड़ै सिक्किम आउनसक्नेछन्: संघ विधायक

**गान्तोक, १२ सेप्टेम्बरः** १७औं ग्याल्वा कर्मापा उग्येन थिन्ले दोर्जीलाई सिक्किम भ्रमणमा आउन अनुमति दिनुपर्छ भन्ने भारत सरकारसँग आह्वान गर्दै सिक्किमका लामाहरूद्वारा गरिएको अनिश्चितकालिन क्रमिक भोक हड़तालले आज ४२९ दिन पूरा गरेको अवसरमा संघ विधायक सोनाम लामाले कर्मापाले अब चाँड़ै नै सिक्किम भ्रमण गर्न सक्ने विश्वास व्यक्त गरेका छन्।

विधायक लामाले एक प्रेस विज्ञप्ति जारी गर्दै भनेका छन्, वास्तवमा वर्तमान अवस्थामा कर्मापालाई रूम्तेक गुम्पामा नभएर सिक्किम भ्रमणमा आउने अनुमति दिनुपर्छ भन्ने हाम्रो दिगो विचार तथा माग हो जसलाई सिक्किम विधानसभाद्वारा २०१४-को मेरो प्रस्तावमा स्पष्टसँग जनाइएको। यसैले सिक्किममा कर्मापाको आगमनका लागि सोही दिन सरकारद्वारा राखिएको प्रस्ताव खारेज गरी सिक्किममा कर्मापालाई आउने

▶ रहल पाता ३-मा

## केन्द्रिय नागरिक उड्डयन राज्य मन्त्रीसित सिक्किम राज्य पर्टयन मन्त्रीको भेटवार्ता



**नयाँ दिल्ली, १२ सेप्टेम्बरः** सिक्किमका पर्यटन मन्त्री उगेन टी ग्याछो भोटिया, सांसद पीडी राई अनि पर्यटन विभागका सचिव सी जाङ्पोले आज पाकिम ग्रीन फिल्ड एयरपोर्टको कार्य पद्धतिको विकासमाथि चर्चा गर्न दिल्लीमा केन्द्रिय नागरिक उड्डयन राज्य मन्त्री जयन्त सिन्हासित भेट गरे। एमओएस अनुसार पाकिम एयरपोर्ट आगामी नोभेम्बर २०१७ देखि सञ्चालनमा आउनेछ। केन्द्रिय राज्य मन्त्रीले दिएका सुझाउ अनुसार एयरलाइन्ससंगको सम्झौतालाई प्राथमिकताको आधारमा प्रयोगमा ल्याउनुपर्छ। वर्तामानमा ४२ सीट भएको टर्बोप्रूफ एयरक्राफ्ट एयरपोर्टबाट सञ्चालन हुनसक्छ। भारतीय हवाई अड्डा प्राधिकरणले ग्रीनफिल्ड एयरपोर्टको ढाँचा तयार पार्नका साथै यसको कार्य सञ्चालन गरेको छ, जो नागरिक उड्डयनका महानिर्देशकले अनुमति प्रदान गरेपछि शुरू हुनेछ।

उक्त अवसरमा पर्यटन सचिवले पाकिम हवाइअड्डा वरपर बसोबास गर्ने कृषकहरूले दर्ता गरेका मुद्दाको चुनौतीलाई चर्चामा ल्याए। बातचितको क्रममा पर्यटन मन्त्रीले एयरपोर्टको उद्घाटनको निम्ति प्रधानमन्त्री नरेन्द्र मोदीलाई आमन्त्रित गर्नको निम्ति मुख्यमन्त्री पवन चामलिङलाई आग्रह गर्ने केन्द्रिय राज्य मन्त्रीलाई अवगत गराए। एमओएस जयन्त सिन्हाले सिक्किम सरकारले युडीएएन अन्तर्गत हेलिकप्टर सेवा सुनिश्चित गर्न पर्यटन मन्त्रीलाई आग्रह गरे। उक्त बैठकको तारतम्य मिलाउने लोकसभा सांसद पीडी राईले केन्द्रिय राज्य मन्त्रीलाई अहिले सिक्किममा पर्यटकहरूको आगमन ११ लाखभन्दा अधिक रहेको जानकारी दिए। सांसद राईले एयरपोर्ट सञ्चालन भएको केही महिनामै यो पूर्ण क्षमताको साथमा सञ्चालित हुने आशा प्रकट गरे।

## विवादास्पद बयान र अनेकताले टाढ़िँदैछ लक्ष्य

**कालेबुङ, १२ सितम्बरः** नेताहरूले दिइरहेको विवादास्पद बयान र आपसी मतभेदले गोर्खाल्याण्डको लक्ष्यदेखि टाढ़ा पुर्‍याउँदै आइरहेको छ। नेताहरूबीचमा नै देखिएको मतभेद र विभिन्न जनसभाहरूतिर आइरहेको विवादास्पद बयान अहिले चिन्ताको विषय बनेको छ। गोर्खा जनमुक्ति मोर्चा प्रवक्ता आर.मोक्तानले अल्पसङ्ख्यकहरूलाई केन्द्र गरेर दिएको वक्तव्यको अहिले निकै चर्चा भइरहेको छ। उनले दिएको बयानलाई केन्द्र गर्दै भारतीय जनता पार्टी (भाजपा) कालेबुङले विरोध जनाउँदै प्रदेश भाजपालाई पत्राचारसमेत गरेको थाहा लागेको छ। यसअघि पनि मोक्तानले अल्पसङ्ख्यकहरूलाई केन्द्र गरेर विवादास्पद बयान दिएपछि निकै लामो समयसम्म विवाद सिर्जना भएको थियो। फेरि कालेबुङको एउटा पथसभालाई सम्बोधन गर्ने क्रममा उनले यस्तै विवादास्पद बयान दिएपछि निकै चर्चा शुरू भएको छ भने यसप्रकारको बयानले आपसी मतभेद बढ़ेर जाने देखिएको छ। अर्कोतिर सिङ्गो उद्देश्य र लक्ष्य लिएर गोर्खाल्याण्ड आन्दोलनमा अघि आएको गोर्खा जनमुक्ति मोर्चाभित्र नै अन्तरकलह देखिएको छ। २९ अगस्तको नवान्न बैठकपछि गोजमुमो सहसचिव विनय तामाङले पहाड़ बन्द खोलाउने घोषणा गरेपछि यसको विरोधमा मोर्चाकै महासचिव रोशन गिरी र अध्यक्ष विमल गुरुङ अघि आए। उनीहरूबीचमा देखिएको मतभिन्नता र आपसी कलहले आन्दोलनलाई नै प्रभाव पारेको देखिएको छ। एकतिर विनय तामाङ र अनित थापा शान्तिको सन्देश लिएर पहाड़मा शान्ति स्थापना गर्ने पक्षमा उभिएका छन् भने अर्कोतिर मोर्चा अध्यक्ष विमल गुरुङ अनि महासचिव रोशन गिरी आन्दोलनलाई फत्ते नगरेसम्म चुप लागेर नबस्ने बताउँदै बन्द जारी राख्ने पक्षमा देखिएका छन्। बन्दले आज तीन महीना पूरा गरिसकेको छ। तथापि जनता छुट्टै राज्य गोर्खाल्याण्डको निम्ति आफ्नो समस्या नदेखाई आन्दोलनमा होमिएका छन्। जनतालाई विभिन्न प्रकारको समस्या आइपरे पनि छुट्टै राज्यको मागमा जनता एकत्रित छन्, तर नेतृत्वभित्रै देखापरेको अन्तरकलहले भने जनता

▶ रहल पाता ३-मा